नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष २९ | अंक १५६ | २०७६ साल माघ ४ गते शनिबार (18 Jan. 2020 Saturday) | मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- हुलदङ्गा गर्नेलाई दुई वर्षसम्म कैद र बीस हजार रुपैयासम्म जरिवाना हुने,
- सार्वजनिक स्थानमा आवागमनमा बाधा गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक सेवा अवरुद्ध गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक शान्ति भङ्ग गर्ने, हुलदंगा गर्ने वा सार्वजनिक सम्बन्धलाई खलल पार्ने नियतले झुठ्ठा अफवाह फैलाउनेलाई एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : ८७ मुलुकका श्रमिक नेपालमा ... ३ पृष्ठमा : डेढ वर्षमै ५०६ विरुद्ध १५ ... ३ पृष्ठमा : सिनेटमा ट्रम्पि विरुद्धको ..

# राष्ट्रिय दलित पत्रकार संघ सप्तरी गठन




**दैनिक समाचारदाता**
**राजविराज, ३ माघ ।**

राष्ट्रिय दलित पत्रकार संघ नेपाल सप्तरीको शुक्रवार सम्पन्न प्रथम भेलाले विद्यानन्द रामको अध्यक्षतमा जिल्ला कार्य समिति सप्तरीको गठन गरेको छ ।

समितिको उपाध्यक्षमा दिपेन्द्र पासवान, सचिवमा अर्चना दर्जी, कोषाध्यक्षमा किशोर पासवान सर्वसम्मतले चयन भएका हुन् ।

यसैगरी, समितिको सदस्यहरुमा श्यामसुन्दर पासवान, सुनील सरवरीया, महेन्द्र सदा, राधेश्याम राम र पर्मिला पासवान रहेका छन् ।

समितिको सल्लाहकारमा भने अग्रज पत्रकार राजु विश्वकर्मा र राजकुमार पासवान चयन भएका छन् ।

संघका केन्द्रिय उपाध्यक्ष भोला पासवानको प्रमुख आतिथ्यमा आयोजित भेलामा संघका केन्द्रिय उपाध्यक्ष पासवान, नेपाल पत्रकार महासंघ शाखा सप्तरीका कोषाध्यक्ष शुभचन्द्र झा, प्रेस संगठनका केन्द्रिय सदस्य राजु विश्वकर्मा, मनोजकुमार महेतर, बद्री मेहतर लगायतले नव गठित पदाधिकारीहरुलाई सुखद् कार्यकालकालागि शुभकामना दिएका थिए ।

# लागुऔषधसहित एकै दिन आठ जना पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, ३ माघ ।**

सिरहाका विभिन्न स्थानबाट प्रहरीले एकै दिन लागुऔषधसहित आठ जनालाई पक्राउ गरेको छ ।

इलाका प्रहरी कार्यलय लहानबाट खटिएको टोलीले स११ प ८०१, स८प ७९८१, स७ प ७८५४ नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममा लागुऔषधसहित बिहीबारराति लहान नगरपालिका-८ का २२ वर्षीय राकेशकुमार महतो, २० वर्षीय कान्छा महतो, २२ वर्षीय सुमित गुप्ता, लहान- २ का २५ वर्षीय लक्ष्मेश्वर महतो र २६ वर्षीय धनिकलाल महतोलाई पक्राउ गरेको जनाएको छ ।

पक्राउ परेकाको साथबाट लागुऔषध ब्राउन सुगर एक ग्राम ९० मिलिग्राम र गाँजा १० ग्राम ६७० मिलिग्राम बरामद गरिएको छ ।

यस्तै सिरहाको भगवानपुर गाउँपालिका ५ इनर्वाबाट प्रहरीचौकी ठाडीको टोलीले लागुऔषधसहित लहान ५ का २० वर्षीय मोहम्मद समीरलाई पक्राउ गरेको छ । पक्राउ परेका समीरको साथबाट लागुऔषध फेनारगन सात एम्पुल, डाजिल्याब सात एम्पुल, नामलेबल नभएको सात एम्पुल बरामद् गरिएको प्रहरीले जनाएको छ ।

प्रहरी चौकी खिरौनाबाट खटिएको प्रहरी टोलीले सिरहा-१६ खिरौनाबाट प्रतिबन्धित लागुऔषधसहित सिरहा २ का १९ वर्षीय रामभरोसी मुखिया र कल्याणपुर नगरपालिका- २ का १८ वर्षीय अजितकुमार मुखियालाई पक्राउ गरेको छ ।

भारततिरबाट आउँदै गरेका दुवै जनालाई शङ्का लागेर जाँच गर्दा लागुऔषध नाइट्रोभेट २५ ट्याबलेट, नर्फिन एक एम्पुल, फेनारगन एक एम्पुल, डाइजेपाम एक एम्पुल र एमिल एक बरामद गरिएको जिल्ला प्रहरी कार्यलयले जनाएको छ ।

यसैबीच कुटपिट मुद्दामा जिल्ला अदालतबाट दुई महिना नौ दिन कैद र रु पाँच हजार जरीवानाको सजाय पाएर फरार औरही गाउँपालिका- २ का ५० वर्षीय गङ्गा यादवलाई जिल्ला प्रहरी कार्यालयको टोलीले पक्राउ गरेको छ ।

जिल्ला अदालतले कुटपिट मुद्दामा २०७१ असोज २ गते कैद र जरिवानाको सजाय सुनाए लगत्तै फरार यादवलाई घर वतनमा लुकिछिपी बसिरहेको अवस्थामा पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

**दुग्ध विकाश बोर्डको मापदण्ड अनुसार उत्पादित**



**छिन्नमस्ता डेरी उद्योग**
**सिरहा रोड, राजविराज ७, खरसाल टोल**
**मोबाइल नं. : ९८०१५२८०१९, फोन नं. : ०३१-५२२३२७**



**हाम्रो सेवाहरु : जन्मदेखि मृत्युसम्म नभई नहुने अमृत घ्यू, क्रिम दुध, दही, पनिर, खुवा, प्रशोधित दुधहरु पाइन्छ ।**




***नोट :*- विवाह, भोज, उत्सव लगायतको अवसरमा अर्डर बमोजिम दुध जन्य सामग्री उपलब्ध गराइने छ । २४ औं घण्टा काउण्टर खुला रहनेछ ।**

# सप्तरीका चौधरी ब्राउन सुगरसहित सिरहामा पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, ३ माघ ।**

सिरहाको लहान प्रहरीले लागुऔषध ब्राउन सुगरसहित सप्तरीका एक युवकलाई शुक्रबार पक्राउ गरेको छ ।

स.४प ४७३ नम्बरको मोटरसाइकलमा सवार सप्तरीको सुरुंगा नगरपालिका ८ निवासी ३२ बर्षीय प्रेम कुमार चौधरीलाई इलाका प्रहरी कार्यालय लहानबाट खटिएको प्रहरी टोलीले लहान नगरपालिका १० बाट लागुऔषध ब्राउन सुगरसहित पक्राउ गरेको हो ।

पक्राउ परेका चौधरीको साथबाट ब्राउन सुगर १५ ग्राम ९२० मिलि ग्राम, ह्वाईट सुगर २०० मिलि ग्राम, एक थान नाप गर्ने मेसिन र नेपाली रुपैया १ लाख ७ हजार ५०० र भारतीय रुपैया ५ हजार ४४० नगद बरामद भएको प्रहरीको भनाई छ ।


# बाथरुममा बाटामा राखेको पानीमा डुबेर दूधे बालिकाको मृत्यु

**दैनिक समाचारदाता**
**महोत्तरी ३ माघ ।**

महोत्तरीको जलेश्वरमा शुक्रबार दिउँसो बाथरुममा डुबेर एक दूधे बालिकाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा जलेश्वर नगरपालिका १ बस्ने रोशनकुमार साहकी छोरी एक वर्षीया आकृति साह रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

आफ्नै घरमा खेलिरहेकी बालिका साह खेल्दाखेल्दै अचानक घरसँगै रहेको बाथरुममा पसेपछि बाथरुममा राखिएको पानी भरेको बाटामा डुबेर उनको मृत्यु भएको प्रहरीले जनाएको छ ।




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit | WESTERN UNION MONEY TRANSFER | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money | Best Remit Quick & Easy | City Express Money Transfer | IME pay wallet | MoneyGram money transfer

## सम्पादकीय

# दुर्घटना रोकिएन

अहिलेको अवस्थामा राजनीतिक, अपराध र दण्डहिनतामा मात्र छुट्टै पहिचान बनाएका छैनन् नेपालले व्यक्तिको अनाहकमा ज्यान जाने देशको रुपमा पनि परिचित बन्दै गएको छ । क्षेत्रफलको हिसाबले सानै भएको मुलुकमा दैनिक दुर्घटना हुनु र व्यक्तिको ज्यान जानु पनि अलग्गै पहिचान दिन्छ । यस्तो कुनै दिन छैन जुन दिन दुर्घटनामा व्यक्तिको मृत्यु नभएको होस् । दुर्घटना भइरहने देशमा बारम्बार व्यक्तिले ज्यान गुमाउँदै गइरहेका छन् । हामी देखापरेका रोगलाई नियन्त्रण गर्छौ र गर्न तल्लिन हुन्छौं । आफ्नो शरीरलाई स्वस्थ्य राख्न धेरै प्रयास गर्छौं । तर जतिसुकै स्वस्थ्य भएपनि दुर्घटनारुपी महामारी नेपालमा न्यूनिकरण हुन नसक्दा धेरैको ज्यान गइरहेको छ ।

मुलुकमा पूर्वपश्चिम राजमार्ग निर्माण भएयता अत्यधिक दुर्घटना हुँदै आएको छ । सबारीसाधन चलाउँदा धुम्रपान तथा मद्यपानको प्रयोग गर्नु, निन्द्रामा हुनु, छत तथा ढोकामा बसेर यात्रा गर्नु तथा एकले अर्कालाई पछार्न खोज्नु, थोत्रो सवारीमा अत्यधिक यात्रु चढाउनु दुर्घटनाको मुख्य कारण मानिएको छ । यसका अलावा सडकमा गाइबस्तु छाडा छाड्नु, सडकहरुमा खाल्डो हुनु जस्ता समस्या पनि दुर्घटना बढाएको देखिन्छ । उपरोक्त कुराहरुलाई नियन्त्रण गर्न स्थानीय प्रशासन प्रहरी, ट्राफिक प्रहरी, सडक बिभाग, यातायात कार्यालय भएपनि कसैले ध्यान नदिंदा दुर्घटना न्यूनिकरण हुन नसकेको हो ।

सवारीका चालक, यात्रु लापरवाही छँदैछ तर निकायहरु पनि रकम लिएर त्यसै छाडिदिने कारण पनि दुर्घटनामा कमी आउन नसकेको भन्न सकिन्छ । कसैले थात्रो सवारी चलाएपनि यातायात कार्यालयले नवीकरण गरिदिने, धेरै यात्रु चढाइए नेपाल तथा ट्राफिक प्रहरीले रकम लिएर छाडिदिने, सडक कर असुली गरेपनि सडक बिभागले खाल्डो नपुरिदिदा जस्ता समस्या दुर्घटनालाई बढाएको भन्दा अनुप्युक्त नहोला । यसर्थ दुर्टनामा कमी ल्याउन यस्ता कुराहरुप्रति ध्यान दिनु आवश्यक छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट

आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

# ८७ मुलुकका श्रमिक नेपालमा, सबैभन्दा बढी चिनियाँ

काठमाडौं, ३ माघ (रासस) ।

विश्व वन्यजन्तु कोषको नेपालस्थित कार्यालयमा बाघ विशेषज्ञका रुपमा काम गर्न आएका बेलायती नागरिक स्टर्ट अलेक्जेन्डर चापम्यान गत विहीबार श्रम तथा व्यवसायजन्य विभागबाट श्रम इजाजत लिंदै हुनुहुन्थ्यो । विभागका कर्मचारी उहाँको राहदानीलगायत अन्य कागजपत्र रुजु गर्दै तस्वीर तथा औँठाछाप लिंदै थिए । च्यापम्यान पहिलो पटक श्रम इजाजतका लागि विभाग पुग्नुभएको थियो ।

नेपाल वायुसेवा निगममा क्याप्टेनका रुपमा काम गर्न नेपाल आएका भारतीय नागरिक कञ्जवालजित सिंह चिमा पनि विभागमा उपस्थित भएर नेपालमा काम गर्न अनुमति लिंदै हुनुहुन्थ्यो । यस्तै माथिल्लो त्रिशुली थ्रि-ए जलविद्युत् आयोजनाको २२० केभी प्रशारणलाइन परियोजनामा 'एकाउन्टेन्ट'का रुपमा काम गर्दै आएका चाइना इन्टरनेशनल वाटर एण्ड इलेक्ट्रिक कर्पोरेशनका कर्मचारी चिनियाँ नागरिक वेइ लिन श्रम इजाजात नवीकरण गर्न विभाग पुग्नुभएको थियो । विहीबारमात्रै विभागबाट ११ विदेशी नागरिकले श्रम इजाजत लिएका थिए ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मातहतको श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले रोजगारीका लागि नेपालमा आएका विदेशी श्रमिकलाई श्रम इजाजत प्रदान गर्दै आएको छ । विभागले साताको दुई दिन सोमबार र बिहीबार श्रम स्वीकृति दिने गरिरहेको छ ।

श्रम विभागले आर्थिक वर्ष २०६९/७० देखि विदेशी नागरिकलाई श्रम इजाजत दिन थालेको हो । आव २०६९/०७० मा ९८४ विदेशीलाई विभागले श्रम इजाजत दिएको थियो । यस्तै आव २०७०/०७१ मा ७९, आव २०७१/०७२ मा २ हजार १९, आव २०७२/०७३ मा १ हजार ४७२ विदेशी नागरिकलाई श्रम इजाजत प्रदान गरिएको विभागले जनाएको छ ।

यसैगरी आव २०७३/०७४ मा १ हजार ३२४ नयाँ श्रम इजाजत जारी गरेको विभागले सोही आवमा ६४८ श्रम इजाजत नवीकरण गरेको थियो । आव २०७४/०७५ मा १ हजार ६०८ नयाँ श्रम इजाजत र ९६२ नवीकरण तथा आव २०७५/०७६ मा एक हजार ११९ नयाँ श्रम इजाजत र ८६२ श्रम इजाजत नवीकरण गरेको थियो ।

चालु आवको पाँच महिनाको अवधिमा विभागले ५४० विदेशी नागरिकलाई नयाँ श्रम इजाजत प्रदान गरेको छ भने सोही अवधिमा ५३७ श्रम इजाजत नवीकरण गरेको छ । श्रम इजाजत लिनेमा सबैभन्दा बढी चिनियाँ नागरिक छन् । चीन सरकारको सहयोगमा सञ्चालित परियोजनामा ठूलो सङ्ख्यामा चिनियाँ नागरिकले काम गर्दै आएका छन् । "टेलिकम्युनिकेशन, हवाई सेवालगायत सेवा क्षेत्रमा इजाजत लिने विदेशी कामदारको सङ्ख्या निकै ठूलो छ", विभागमा महानिर्देशक सनत केसीले भन्नुभयो ।

त्यस्तै नेपालमा काम गर्ने भारतीय नागरिकको सङ्ख्या पनि निकै ठूलो छ । यद्यपि सबै भारतीय नागरिकलाई श्रम इजाजतको आवश्यकता पर्दैन तापनि दक्ष कामदारका रुपमा नेपालमा काम गर्दै आएका केही भारतीय नागरिकले श्रम इजाजत लिएका छन् । श्रम इजाजत लिनेमा नेपाललाई आर्थिक तथा प्राविधिक सहायता प्रदान गर्दै आएका मुलुकका नागरिकको सङ्ख्या उल्लेख छ । केही दातृ निकायमा काम गर्ने विदेशी नागरिकले पनि श्रम इजाजत लिएका विभागले जनाएको छ ।

अस्ट्रेलिया, बङ्गलादेश, भूटान, क्यानडा, फ्रान्स, जर्मनी, इटाली, जापान, दक्षिण कोरिया, मलेसिया, मेक्सिको, पाकिस्तान, साइबेरिया, स्पेन, श्रीलङ्का, स्वीडेन, स्वीट्जरल्याण्ड, थाइल्याण्ड, बेलायत, अमेरिकालगायत ८७ मुलुकका नागरिकले श्रम इजाजत लिएर नेपालमा काम गरेको विभागको तथ्याङ्कले देखाउँछ ।

**तथ्याङ्क एकीकृत गरिँदै**

नेपालमा श्रम स्वीकृति लिएर काम गर्ने विदेशी नागरिकको सङ्ख्या विभागसँग भए पनि कुन क्षेत्रमा कति विदेशी श्रमिक छन् भन्ने स्पष्ट तथ्याङ्क छैन । सबै क्षेत्रका विदेशी श्रमिकको वेग्लाबेग्लै तथ्याङ्क राख्ने गरी प्रक्रिया अगाडि बढाएको महानिर्देशक केसी बताउनुहुन्छ ।

"अहिले विभागको सफ्टवेरलाई नयाँ ढङ्गबाट विकास गर्दैछौं", उहाँले भन्नुभयो, "कुन क्षेत्रमा, कुन प्रतिष्ठानमा कति विदेशी कामदार छन्, तीमध्ये कति महिला, कति पुरुष, कुन कामका लागि विदेशी आएका छन् भन्ने सबै तथ्याङ्क एकीकृत गर्दैछौं ।"

**सजिलो छैन स्वीकृति**

विदेशी नागरिकलाई श्रम स्वीकृति लिने प्रक्रिया भने त्यति सजिलो छैन । कुनै रोजगारदाताले विदेशी श्रमिक राख्नु परेमा शुरुमा कुन विशेषज्ञता हासिल गरेको कामदार चाहिने हो त्यसको विज्ञापन गर्नुपर्नेछ । विदेशी नागरिकका लागि श्रम इजाजत जारी गर्नका लागि गृह मन्त्रालयको सहमति आवश्यक पर्दछ । त्यस्तै सम्बन्धित क्षेत्र पर्ने मन्त्रालयको सिफारिश आवश्यक पर्दछ ।

सम्बन्धित मन्त्रालयको सिफारश, गृह मन्त्रालयको सहमति, राजगारदातासँगको सम्झौतालगायत कागजपत्रसहित निवेदन दिएपछि विभागले अध्ययन गरेर श्रम इजाजत प्रदान गर्दै आएको छ । तर, नेपाल सरकारसँग कुनै मुलुकको विशेष सम्झौता भएको खण्डमा सिधै ती मुलुकका नागरिकलाई श्रम इजाजत दिने गरिएको छ ।

श्रम इजाजतका लागि कामदार स्वयम् विभागमा उपस्थित हुनुपर्छ । श्रम इजाजतका लागि आवश्यक कागजात पुगेपछि विभागका कर्मचारी सम्बन्धित श्रमिकको 'बायोमेट्रिक' सङ्कलन गर्छन् । त्यसपछि उनीहरुसँग अन्तर्वार्ता लिइन्छ । अन्तर्वार्तामा कुन कामका लागि आएको हो, कति पारिश्रमिक पाउने, कति समय काम गर्ने, शैक्षिक योग्यतादेखि दक्षतासम्मका विषय सोधिन्छ । अन्तर्वार्तापछि मात्र श्रम इजाजत दिने गरिएको छ ।

पहिलो चरणमा छ महिनाका लागि श्रम इजाजत प्रदान गरिँदै आइएको महानिर्देशक केसीले बताउनुभयो । त्यसपछि प्रत्येक पटक इजाजत नवीकरण गर्नुपर्छ । श्रम नियमावली, २०७५ मा ६ महिनासम्मको अवधिको लागि प्रतिव्यक्ति रु १५ हजार र एक वर्षका लागि प्रतिव्यक्ति रु बीस हजार इजाजत शुल्क तोकिएको छ । तर, विदेशी दातृ निकायमा काम गर्ने श्रमिकका हकमा भने शुल्क लाग्ने छैन । सामान्यतः विदेशी श्रमिकलाई बढी ३ वर्षका लागि श्रम इजाजत दिन सक्छ । नियमावलीमा दक्ष प्राविधिक विदेशी श्रमिकलाई बढीमा ५ वर्षसम्म श्रम स्वीकृति दिने व्यवस्था गरिएको छ ।

त्यस्तै विशेष परिस्थितिमा देशको शैक्षिक, सामाजिक, विज्ञान प्रविधि र गैरनाफामुलक संघ, संस्थाजस्ता क्षेत्रमा विशेष योगदान गरेका, राष्ट्रहित र जनकल्याणमा उल्लेखनीय योगदान गरेका विदेशी श्रमिकलाई विभागले मन्त्रालयको स्वीकृति लिई ५ वर्षपछि बढीमा २ वर्षसम्म श्रम इजाजत प्रदान गर्न सक्ने महानिर्देशक केसी बताउनुहुन्छ ।

**इजाजत नलिए निष्काशन**

श्रम ऐन, २०७४ मा कुनै पनि विदेशी नगारिकले श्रम इजाजत नलिइ नेपालमा काम गर्न नपाउने व्यवस्था छ । ऐनको दफा २२ को १ मा विभागबाट श्रम इजाजत नलिई रोजगारदाताले कुनै पनि विदेशी नागरिकलाई श्रमिकको रुपमा काममा लगाउन नपाउने व्यवस्था गरिएको छ । रोजगारदाताले आफूलाई चाहिएको दक्ष श्रमिक नेपाली नागरिकबाट आपूर्ति हुन नसकेमा मात्र विदेशी श्रमिकलाई काममा लगाउन पाउनेछन् ।

ऐनमा कूटनीतिक उन्मुक्ति पाउने वा नेपाल सरकारसँग भएको कुनै सन्धि वा सम्झौताअन्तर्गत श्रम स्वीकृति लिन नपर्ने अवस्थामा बाहेक नेपालमा काम गर्ने सबै विदेशी नागरिकले श्रम स्वीकृति लिनुपर्ने व्यवस्था छ । श्रम इजाजत नलिइ काम गरेको पाइएमा विभागले त्यस्ता श्रमिकलाई तत्काल निष्कासन गर्न रोजगारदातालाई निर्देशन दिन सक्नेछ ।

# देशैभरिको खानेपानीको अवस्था थाहा पाउन नयाँ सफ्टवेयर

काठमाडौं, ३ माघ (रासस) ।

खानेपानी मन्त्रालयले देशैभरिका खानेपानी आयोजनाको अवस्था, आयोजनाको सुचारुपना, दिगोपना र पहुँचबाहिर रहेका उपभोक्ताबारे डिजिटल तथ्याङ्क, जानकारी र सूचना दिने उद्देश्यले वेबमा आधारित सफ्टवेयर तयार गरेको छ ।

विश्व बैंकको सहयोगमा तयार भएको उक्त सफ्टवेयरबारे शुक्रबार खानेपानी मन्त्रालयमा प्रस्तुति गरिएको थियो । 'एनवास' नाम दिइएको उक्त सफ्टवेयर प्रणालीमार्फत देशैभरिका खानेपानी आयोजनाको डिजिटल तथ्याङ्क, सर्भे गर्ने व्यक्ति, सम्बन्धित खानेपानी योजनाको मुहान, रिजर्भवायर ट्याङ्की र पाइपलाइनको अवस्था साथै उपभोक्ता समितिबारे विस्तृत जानकारी पाउन सकिने मन्त्रालयका सिनियर डिभिजनल इन्जिनीयर डा रजित ओझाले जानकारी दिनुभयो ।

सफ्टवेयरबारे जानकारी गराउँदै उहाँले भन्नुभयो, "कुनै आयोजनाको संरचना खोलाले बगाएको छ कि छैन ? रिजर्भवायर ट्याङ्की, पाइपलाइनको अवस्था कस्तो छ ? कति उपभोक्ताले खानेपानी उपभोग गरिरहेका छन् ? कति ठाउँमा खानेपानी पुगेको छैन ? सबै कुराको यथार्थ वस्तुस्थिति जानकारी यो सफ्टवेयरबाट थाहा हुन्छ ।"

त्यसैगरी खानेपानी सुविधा नपुगेको वा पहुँच बाहिरका उपभोक्तासम्बन्धी जानकारी पनि सफ्टवेयरमा समावेश गरिएको छ । सफ्टवेयरको माध्यमबाट खानेपानीमा पहुँच नभएका जनसङ्ख्याको तथ्याङ्क आएपछि खानेपानीको पहुँच नभएका क्षेत्रको पहिचान हुनेछ जसका कारण आगामी दिनमा योजना छनोट गर्न सजिलो हुनेछ । "जहाँ खानेपानीको पहुँच छैन, त्यो ठाउँमा योजना छनोट गर्न सजिलो हुनेछ । यसरी खानेपानीको पहुँच बाहिरका जनतालाई खानेपानी सेवा उपलब्ध गराउन सफल हुनेछौं", उहाँले भन्नुभयो ।

सो अवसरमा खानेपानी मन्त्री बीना मगरले नयाँ प्रविधिको माध्यमबाट देशैभरिको खानेपानीको अवस्थाबारे थाहा हुने भएपछि यसले खानेपानीका योजना बनाउन सहयोग गर्ने बताउनुभयो । "अधिकांश जनप्रतिनिधि योजना माग्न आइरहनुहुन्छ । कुन ठाउँमा खानेपानी आयोजनाको आवश्यकता छ, कुन ठाउँमा छैन भन्ने कुरा यसबाट थाहा हुने भएकाले अब मन्त्रालयलाई काम गर्न सजिलो हुन्छ", उहाँले भन्नुभयो, "खानेपानी र सरसफाइको क्षेत्रमा नयाँ 'टेक्नोलोजी'का माध्यमबाट काम गर्न सहज हुने भएकाले अब योजना छनोट गर्न सजिलो हुने भएको छ ।"

खानेपानीको अवस्थाको तथ्याङ्क लिइसकेपछि ७५३ वटै स्थानीय तहमा सरसफाइ योजना बनाउने उहाँको भनाइ थियो । खानेपानी मन्त्रालयले तयार गरेको वेब सफ्टवेयर 'डब्लुडब्लुडब्लु डट एनवास डट एमओडब्लुएसएस डट जिओभी डट एनपी' रहेको छ ।

# डेढ वर्षमै ५०६ विरुद्ध १५ अर्बको कर छली मुद्दा

काठमाडौँ, ३ माघ (रासस) ।

नेपालमा पेप्सी उत्पादन गर्ने बहुराष्ट्रिय कम्पनी बरुण वेभरेजले नक्कली बिलको कारोवार गर्नेसँग मिलेमतो गरेको भनेर राजश्व अनुसन्धान विभागमा विशेष सूचना आयो । विभागले गरेको लामो अनुसन्धानले प्राप्त सूचना सही भएको ठहर गर्दै गत पुस ३ गते काठमाडौँ जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो । विभागले दायर गरेको अभियोगपत्रमा बरुणले रु ६४ करोड ९६ लाख कर छली गरेकाले बिगो असुल गरी त्यसको दोब्बर जरिवाना र तीन वर्षको कैदको माग गरिएको छ । हिसाब गर्दा माग दाबी झण्डै रु दुई अर्ब हुन आउँछ ।

उक्त मुद्दामा सञ्चालक अमित गुप्तासहित सात प्रतिवादी छन् । विभागले रु एक अर्ब ६० करोडको त बैंक जमानत नै लिएको छ । "हामीले उच्च आर्थिक कारोवार हुने जोखिम क्षेत्र पहिचान गरेका छौँ, त्यही अन्तर्गतको बहुराष्ट्रिय कम्पनी पनि अनुसन्धानको घेरामा छ, कैफियत हुने कुनै न कुनै दिन अनुसन्धानको दायरामा आउछन्", विभागका महानिर्देशक दीर्घराज मैनालीले रासससँग भन्नुभयो ।

उहाँका अनुसार पहिचान भएका सयौँ फर्म र व्यक्तिको समेत हाल अनुसन्धान जारी छ । तथ्य र प्रमाणले पुष्टि नभएसम्म हात नहाल्ने र हात हालेको ठाउँमा शतप्रतिशत सफल हुने उहाँ दाबी गर्नुहुन्छ । अहिलेसम्मको मुद्दामा अदालतले कसैलाई पनि शुद्ध तारेखमा नछाडेकाले पनि कैफियत छ भन्ने दाबी पुष्टि हुने मैनाली बताउनुहुन्छ । हालै सर्वोच्च अदालतले फैसला सुनाएको भाटभटेनीको मुद्दाको उठान पनि स्वयं मैनालीको टोलीले गरेको थियो । दश वर्षपछि पनि दोषी प्रमाणित भएको तथ्य प्रस्तुत गर्दै मैनालीले गलत क्रियाकलाप गर्नेहरु ढिलो चाँडो कारवाहीमा पर्ने बताउनुभयो ।

गत पुस २८ गते सर्वोच्च अदालतका प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबरा र न्यायाधीश प्रकाशकुमार ढुङ्गानाको संयुक्त इजलाशले नक्कली भ्याट बिल जारी गरी ठगी गरेको रु तीन अर्ब २५ करोड असुल गर्न बाटो खोलिदिएको छ । अर्थ मन्त्रालय मातहतमा रहेको विभाग विसं २०७४ फागुन १३ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहत आएको थियो । विभागले पूर्ण रुपमा काम थालेको भने विसं २०७५ साउनदेखि हो । डेढ वर्षको अवधीमा राजश्व चुहावटको कसुरमा ११ सरकारी कर्मचारीसहित ५०६ लाई प्रतिवादी बनाएर विभागले मुद्दा चलाएको छ ।

उनीहरु विरुद्धको मुद्दामा रु १५ अर्ब ३६ करोड १९ लाख विगो कायम गरी त्यसको दोब्बर जरिवाना र तीन वर्ष कैदको मागदाबी गरिएको छ । आरोपी कतिपय हिरासतमा छन् भने कतिपय फरार छन् । विभागले बाटोमा भेटिएको अपरिचितको नागरिकता प्रयोग गरी नक्कली कम्पनी खडा गर्ने, सरकारी कागजात र नक्कली बिल बिजक छाप्नेजस्ता गम्भीर प्रकृतिका आर्थिक अपराधविरुद्ध पनि कारवाही थालेको छ । मूल्य अभिवृद्धि कर (भ्याट) बिल/प्यान बिल, नक्कली बीजक बिक्री गरी राजस्व छल्नेदेखि नक्कली कारोवार गर्ने, अर्कैको नागरिकता प्रयोग गरी कम्पनी खडा गरेर कीर्ते गर्ने, वैदेशिक रोजगारीमा कर छली गर्ने, हुण्डीमार्फत अवैधरूपमा अन्तरदेशीय कारोवार गर्ने, विदेशी मुद्रा अपचलन गर्ने गिरोह पनि मुद्दा खेपिरहेका छन् ।

मजदूरलाई प्रलोभनमा पारी २४ फर्म खडा गरेर झुट्टा तथा नक्कली बिजक बिक्री गरी राजश्व छली गरेको आरोपमा जयकिशोर साह र परमेश्वर साहमाथि रु एक अर्ब ७५ करोड बिगो कायम गरी काठमाडौँ जिल्ला अदालतमा गत पुस १९ गते मुद्दा दायर गरिएको छ । उनीहरुले आर्थिक प्रलोभनमा पारी मजदुरका नाममा कम्पनी दर्ता गराएर बैंक तथा वित्तीय संस्थामा खाता सञ्चालन गरी ती मजदुरमार्फत बैंक कारोवार गर्ने गरेको महानिर्देशक मैनालीको भनाइ छ ।

सूचनालाई भरपर्दो बनाई बील बीजकलाई प्रभावकारी बनाउन सफ्टवेयर विकास गरेर काम अगाडि बढाइएको विभागको दाबी छ । राजश्व चुहावट नियन्त्रणमा र स्वेच्छिक कर सहभागिता अभिवृद्धिमा सहयोग पुऱ्याउने लक्ष्य विभागको हो । पूर्वाञ्चलको इटहरी, मध्यमाञ्चलको पथलैया, पश्चिमाञ्चलको बुटवल र मध्य तथा सुदूरपश्चिमाञ्चलको कोहलपुरमा विभागको कार्यालय छ ।

पुस मसान्तसम्मको विवरण अनुसार विभागले विदेशी विनिमय अपचलनतर्फ ३१५ विरुद्ध रु चार अर्ब ८५ करोड र झुटा तथा नक्कली भ्याट विलको सम्बन्धमा १३० विरुद्ध रु छ अर्बभन्दा बढी बिगो कायम गरी मुद्दा चलाइएको छ । नक्कली बिजक खरिद गर्ने ५७ फर्ममध्ये १८ को अनुसनधान सम्पन्न गरेर रु ७२ करोडको बिगो कायम गरी मुद्दा दर्ता गरिएको छ ।

चालू आर्थिक वर्षमा मात्रै राजश्व चुहावटको कसुरका ६२ मुद्दामा १९८ विरुद्ध रु पाँच अर्ब ५२ करोड ५० लाखको बिगो कायम गरी बिगोको दोब्बर जरिवाना र तीन वर्ष कैद सजायको मागसहित मुद्दा दर्ता गरिएको मैनालीले जानकारी दिनुभयो । चालु आर्थिक वर्षमा विदेशी विनिमय अपचलनतर्फ ८५ घटनामा रु २६ करोड १८ लाख बिगो कायम गरी १३३ विरुद्ध मुद्दा चलाइएको छ ।

विभागको पछिल्ला दिनमा देखिएको सक्रियताले कर छली गर्ने, राजश्व मार्ने तथा कर छली गर्नेलाई कुनै पनि अर्थमा छुट नदिन देखिएको छ । विभागलाई प्रधानमन्त्री केपी शर्मा ओलीले नै कुनै पनि डर भर नमानी काम गर्न स्पष्ट मार्ग निर्देशन दिनुभएको छ । साङ्गठनिक, प्रशासनिक संरचनामा समेत सुधार गरेको विभागले कर प्रशासनमार्फत हुने चुहावटलाई निमटचान्न पार्ने सङ्कल्प लिएको छ ।

# स्ववियु निर्वाचनको तयारीसँगै शैक्षिक मुद्दामा विद्यार्थी सङ्गठन

काठमाडौँ, ३ माघ (रासस) ।

त्रिभुवन विश्वविद्यालयले आगामी फागुन १४ गतेका लागि स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को निर्वाचन तय गरेसँगै प्रमुख विद्यार्थी सङ्गठन शैक्षिक मुद्दामा केन्द्रित हुन थालेका छन् । मातृ पार्टीका राजनीतिक मुद्दा र गुट उपगुटमा अलमलिएका विद्यार्थी सङ्गठनले निर्वाचनको तयारीले शिक्षाका मुद्दामा ध्यान दिन थालेका हुन् ।

युग चेतनाका संवाहकका रूपमा लिइने विद्यार्थी र युवा पुस्तामा राजनीतिप्रतिको निराशा छाएका बेला भोलिको नेतृत्व निर्माणका लागि समेत विद्यार्थी सङ्गठन र स्ववियु निर्वाचनको महत्व हुने गरेको छ । आर्थिक अनियमितता र गलत काममा विद्यार्थी नेता मुछिएमा भोलिको नेतृत्व आशाप्रद हुन नसक्ने राजनीतिक इतिहासले देखाएकाले स्ववियु निर्वाचनलाई यी सङ्गठनले उच्च महत्व दिएका छन् ।

एक दशकपछि हुन लागेको 'मिनी संसद्' र युवा जनमत सङ्ग्रहका रूपमा लिइने स्ववियु निर्वाचनको तयारीमा सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) निकट अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन जुटिसकेको छ भने प्रमुख प्रतिपक्षी नेपाली काँग्रेस निकट नेपाल विद्यार्थी सङ्घको केन्द्रीय कार्यसमितिको अवधि समाप्त भएकाले पार्टीले नेतृत्वबारे निर्णय गरेपछि संस्थागत र व्यवस्थितरूपमा लाग्ने तयारीमा छ ।

अनेरास्ववियुको केन्द्रीय कमिटीको एकतापछि गत पुस २७ र २८ गते काठमाडौँमा सम्पन्न प्रथम केन्द्रीय कमिटी बैठकले राष्ट्रियता, साङ्गठनिक र शैक्षिक मुद्दाहरूबारे निर्णय गरी सार्वजनिक शिक्षाको सुदृढीकरणमा अभियानसहित केन्द्रित हुने निर्णय गरेको छ । सो सङ्गठनका केन्द्रीय संयोजक ऐन महरले स्ववियु निर्वाचन तोकिएकै समयमा हुने भन्दै निर्वाचनका लागि स्थानीय क्याम्पसका साथै केन्द्रीकृत र राष्ट्रियताका मुद्दालाई प्राथमिकतामा राख्ने बताउनुभयो । रासससँग कुरा गर्दै उहाँले 'हाम्रो स्कुल राम्रो स्कुल' अभियान सञ्चालन गर्ने निर्णय गरिएको जानकारी दिँदै सार्वजनिक (सामुदायिक) शिक्षाको सबलीकरण बिना शिक्षाले परिणाममुखी नतिजा दिन नसक्ने भएकाले स्ववियु निर्वाचनपछि देशभरको सङ्गठनका जिम्मेवार नेता कार्यकर्ताले विद्यालयको सुधारका लागि पहल गर्ने जनाउनुभयो ।

विद्यालयमा त्यसरी छिर्दा राजनीतिकरणको आरोप लाग्ना नि ? भन्ने प्रश्नमा उहाँको जवाफ छ, "राजनीतिकरण हुँदैन उमेर पुगेका विद्यार्थीलाई सचेत बनाउँदै गुणस्तरीय शिक्षाका लागि भूमिका खेल्ने कुरा हो । यस्तो काममा सबैको भूमिका आवश्यक छ ।" सरकारले हालै जारी गरेको 'राष्ट्रिय शिक्षा नीति, २०७६' ले पनि निजी विद्यालयको दबदबा क्रमशः अन्त्य गर्दै सार्वजनिक शिक्षाको सबलीकरणमा जोड दिने उल्लेख गरेको छ भने संविधानको मौलिक हकमा शिक्षालाई समावेश गरिएको छ । अनेरास्ववियुले कक्षा नौसम्म र १४ वर्ष उमेर पुगेका विद्यार्थीलाई मात्रै सदस्यता दिने नीति लिएको महर जनाउनुभयो ।

सो सङ्गठनले मेडिकल शिक्षाभित्रको बेथितिविरुद्ध विद्यार्थीले निरन्तरको आन्दोलनपछि आंशिक उपलब्धि प्राप्त भए पनि अझै चर्को शुल्क र शोषण नरोकिएकाले सहमतिअनुसार शुल्क फिर्ता गराउन सरकारसँग माग गरेको छ । शिक्षा, स्वास्थ्य र रोजगारको मौलिक हकलाई पूर्ण कार्यान्वयनमा लैजान कानून निर्माण र अन्य सबै पक्षका कामहरू गर्न, प्रमाणपत्र धितो राखी शैक्षिक ऋण दिने कार्यक्रम प्रभावकारी गराउन र वन विज्ञानको स्नातक तहको भर्नामा योग्यताक्रमलाई पालना तथा शिक्षा क्षेत्रको पुनः संरचना र समाजवादोन्मुख शिक्षा प्राप्तिका लागि शिक्षामा राज्यले कूल बजेटको २० प्रतिशत लगानी गर्न पनि अनेरास्ववियुको बैठकले माग गरेको छ ।

विभिन्न विश्वविद्यालयमा रिक्त पदाधिकारी चाँडो नियुक्त गर्न पनि सो सङ्गठनले ध्यानाकर्षण गराएको छ । कतिपय साना दलनिकट विद्यार्थी सङ्गठनले स्ववियु निर्वाचनमा भाग नलिए के हुन्छ भन्ने प्रश्नमा संयोजक महरले भन्नुभयो, "आफूलाई लोकतान्त्रिक भन्ने विद्यार्थीले निर्वाचनबाट भाग्नु हुँदैन । हामी सबैलाई सहभागी हुन आग्रह गर्दछौँ ।"

मुलुकको अर्को ठूलो विद्यार्थी सङ्गठन नेपाल विद्यार्थी सङ्घ केन्द्रीय समिति हाल रिक्त रहेकाले संस्थागतरूपमा स्ववियु निर्वाचनको तयारी र शैक्षिक मुद्दाको सूत्रीकरणमा अन्योल भए पनि यसका जिल्ला र क्याम्पसस्तरका शाखाहरू निर्वाचनको तयारीमा लागेको देखिन्छ । सङ्घका काठमाडौँ जिल्ला शाखाका अध्यक्ष मनोज वैद्यले स्ववियु निर्वाचन समयमा हुनुपर्नेमा आफूहरू स्पष्ट रहेको भन्दै पार्टीले केन्द्रीय तदर्थ समिति गठनबारे चाँडै निर्णय लिएपछि मुद्दाहरू थप स्पष्ट हुने बताउनुभयो । सो सङ्घमा गत माघ १० गतेदेखि नैनसिंह महर नेतृत्वको केन्द्रीय समितिको थप गरिएको अवधिसमेत सकिएपछि नेतृत्व रिक्त छ ।

वैद्यले त्रिविको कमजोरीका कारण विसं २०६५ देखि स्ववियु निर्वाचन हुन नसकेको उल्लेख गर्दै विश्वविद्यालय क्षेत्रमा देखिएका विकृति अन्त्य हुनुपर्नेमा जोड दिनुभयो । लामो समयदेखि स्ववियु निर्वाचन नहुँदा क्याम्पसभित्रको विकृति झाँगिएको जनाउँदै उहाँले सेमेस्टर प्रणाली लागू भए पनि उपलब्धि सोचेजस्तो नभएकाले यसलाई व्यवस्थापन गर्न लाग्नुपर्छ भन्नुभयो । अध्यक्ष वैद्य गत स्ववियु निर्वाचन चावहिलस्थित पशुपति क्याम्पसको स्ववियु सभापतिमा निर्वाचित हुनुभएको थियो ।

समाजवादी पार्टी निकट समाजवादी विद्यार्थी युनियनका पूर्वअध्यक्ष विवेक राईले समाजवादी लोकतन्त्रलाई समृद्ध पार्ने एक आधार भएकाले आफूहरूले भाग लिने जनाउँदै निर्वाचन प्रणाली पूर्णतः समानुपातिक/समावेशी हुनुपर्ने अडान राख्नुभयो । सङ्घीय संरचनाअनुसार विश्वविद्यालयलाई विकास गरी असल र योग्य नागरिक उत्पादन गर्ने गरी विज्ञान प्रविधिमा आधारित मौलिक शिक्षा प्रणाली कार्यान्वयन गर्ने मुद्दा पनि आफूहरूले स्ववियु निर्वाचनमा उठाउने उहाँको भनाइ छ ।

त्रिविको विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका कार्यकारी निर्देशक गङ्गाबहादुर थापाले यही माघ १ गते मातहतका क्याम्पसलाई पत्र पठाइ स्ववियु निर्वाचनको तयारी गर्न/गराउन आग्रह गर्नुभएको थियो ।

## विश्व समाचार

# सिनेटमा पनि ट्रम्प विरुद्धको महाअभियोगको प्रक्रिया शुरु

वासिङ्टन, ३ माघ (रासस/सिन्ह्वा) ।

अमेरिकाको माथिल्लो सदन सिनेटमा पनि राष्ट्रपति डोनाल्ड ट्रम्प विरुद्धको महाअभियोगको प्रक्रिया शुरु भएको छ । बिहीबार दिउँसो प्रधानन्यायाधिश र माथिल्लो सदनका सदस्यहरुले सपथ ग्रहण गरेर महाअभियोगको प्रक्रिया शुरु गरेका हुन् । प्रधानन्यायाधिश जोहन रोबर्टसले शुरुमा आफूले सपथ खाएर अरुलाई सपथग्रहण गराउनुभएको थियो । माथिल्लो सदनका कूल १०० सदस्यहरु मध्य ९९ जनालाई उहाँले सपथग्रहण गराउनुभएको हो । सपथग्रहण गर्ने सबैले सपथ ग्रहणका क्रममा "पक्षपात रहित न्याय" गर्ने कसम खाएको समाचारमा जनाइएको छ । उनीहरुले महाअभियोग प्रस्ताव माथी स्वविवेकले आफ्नो मत जाहेर गर्ने बताएका थिए । महाअभियोग प्रस्ताव माथि माथिल्लो सदनमा आगामी मङ्गलबारदेखि प्रधानन्यायाधिश रोबर्टसको अध्यक्षतामा सुनुवाइ हुनेछ ।

सुनुवाइका क्रममा दुवै पक्षले आ आफ्नो पक्षमा तर्क र प्रमाणहरु पेस गर्दै आफ्नो पक्ष सही भएको दाबी गर्ने भएका छन् । हाउस अफ रिप्रेजेन्टेटिभ्सले महाअभियोगको प्रस्ताव माथिल्लो सदनमा पठाउने प्रस्ताव मंगलबार पारित गरेकाले बिहीबारदेखि माथिल्लो सदनमा प्रक्रिया शुरु भएको हो । माथिल्लो सदनमा ट्रम्प विरुद्धका आरोपहरू पढेर सुनाइएको थियो । आरोपपत्रमा राष्ट्रपति ट्रम्पले आफ्ना राजनीतिक प्रतिद्वन्द्वी जो बाइडनविरुद्ध अनुसन्धान गर्न युक्रेनलाई दबाब दिएर संविधानको उल्लङ्गन गरेको, शक्तिको दुरुपयोग गरेको, कङ्ग्रेसको प्रक्रियामा अवरोध पुऱ्याएको लगायतका आरोपहरु उल्लेख गरिएको छ । आरोपपत्रमा उल्लेखित सबै आरोपको राष्ट्रपति ट्रम्पले भने अस्वीकार गर्दै खण्डन गर्दै आउनु भएको छ । सिनेटबाट महाभियोग प्रस्ताव पारित हुनका लागि दुई तिहाइ सिनेटरले समर्थन गर्नुपर्ने प्रावधान रहेको छ । माथिल्लो सदन सिनेटमा राष्ट्रपति ट्रम्पको सत्तारुढ रिपब्लिकन पार्टीका सांसदहरुको सङ्ख्या धेरै रहेकाले पार्टीको लाइनअनुसार मतदान भएमा महाअभियोगको पक्षमा दुई तिहाइ पुग्ने संभावना कम देखिएको छ ।

हाउस अफ रेप्रेजेन्टेटिभ्सकी सभामुख न्यान्सी पेलोसीले भने रिपब्लिकन सिनेटरहरूलाई राष्ट्रपतिका 'अन्धसमर्थक' नबन्न र स्वविवेक प्रयोग गर्न आह्वान गर्नुभएको छ । उहाँले महाअभियोगसम्बन्धी कागजपत्रले राष्ट्रपति ट्रम्पले गलत काम गरेको पुष्टि भएको दाबी गर्दै उहाँलाई गलत कामप्रति जवाफदेही बनाउन महाअभियोगको पक्षमा मतदान गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले भविष्यमा पनि कुनै पनि राष्ट्रपतिले जे पायो त्यही गर्न नसक्ने गराउनका लागि पनि अहिले महाअभियोग लगाउनुपर्ने तर्क गर्नुभयो । तर ट्रम्पका समर्थक तथा रिपब्लिकन सांसदहरूले भने महाभियोग प्रक्रियालाई 'पक्षपातपूर्ण आक्रोशबाट प्रेरित कदम' को संज्ञा दिँदै आएका छन् । हाउस अफ रिप्रिजेन्टेटिभ्सले गत महिना राष्ट्रपति ट्रम्प विरुद्धको महाभियोग प्रस्ताव पारित गरेको थियो । अमेरिकाको इतिहासमा यसरी संसद्को तल्लो सदनबाट महाअभियोग लगाइएका राष्ट्रपतिहरुमध्ये ट्रम्प तेस्रो राष्ट्रपति हुनुभएको छ ।

# क्षेप्यास्त्र आक्रमणमा ११ घाइते

वासिङ्टन, ३ माघ (रासस/सिन्ह्वा) ।

इराकमा रहेको अमेरिकी सैन्य आधार शिविरमा भएको क्षेप्यास्त्र आक्रमणमा परी घाइते भएका ११ जनाको उपचार भइरहेको छ । गत हप्ता इरानले गरेको क्षेप्यास्त्र आक्रमणमा परी घाइते भएकाहरुको अस्पतालमा उपचार भइरेहेको अमेरिकी सेनाले बिहीबार जनाएको हो । अमेरिकी सेनाले बिहीबार प्रकाशित विज्ञप्तिमा इरानले अल असद सैनिक शिविरमा गरेको सो क्षेप्यास्त्र आक्रमणमा परी कसैको मृत्यु भने नभएको स्पष्ट पारेको छ । अमेरिकी केन्द्रीय कमाण्डका प्रवक्ता कप्तान बिल अर्बनले जारी गरेको विज्ञप्तिमा घाइतेहरुको अवस्थामा सुधार आइरहेको उल्लेख गरिएको छ । इराकमा जनवरी ३ मा अमेरिकी ड्रोन हमलाले इरानी वरिष्ठ कमाण्डर कासिम सुलेमानीको हत्याको बदला स्वरुप इराकको पश्चिमी प्रान्त अन्बर, इर्बिल र अर्ध स्वायत्त क्षेत्रको कुर्दिस्तानका क्षेप्यास्त्र आमक्रण गरेको थियो । अमेरिकी रक्षा मन्त्रालयले इराकमा रहेको आफ्नो सैन्य आधार शिविर तथा गठबन्धन सुरक्षा फौजमाथी यही जनवरी ८ मा इरानी पक्षले एक दर्जनभन्दा बढी क्षेप्यास्त्र प्रहार गरेको दाबी गरेको थियो । अमेरिका र इरानले एक अर्काका विरुद्धमा कडा चेतावनी दिइरहेका बेला यो आक्रमणको घटना भएको थियो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको आदेशमा बग्दादमा भएको इरानी सैन्य कमाण्डर कासिम सुलेमानीको हत्याको बदला लिन ती क्षेप्यास्त्रहरू प्रहार गरिएको इरानी पक्षले दाबी गरेको थियो । इराकको राजधानी बग्दादस्थित विमानस्थल नजिकै जनवरी ३ मा इरानी सैन्य कमाण्डर कासिम सुलेमानी मारिएपछि इरान र अमेरिकाबीच तनाब बढेको छ । इराकमा अमेरिकाका पाँच हजार सैनिक रहेको अधिकारीहरुले बताउने गरेका छन् ।

# अशान्तिका कारण ३५ हजार विद्यार्थी विस्थापित

अदिस अबाबा, ३ माघ (रासस/सिन्ह्वा) ।

इथियोपियामा जारी अशान्तिका कारण विभिन्न विश्वविद्यालयबाट ३५ हजार विद्यार्थीले अध्ययनका लागि अनुकुल नभएको भन्दै अन्यत्र गएका अफ्रिकी राष्ट्र इथियोपियाको शिक्षा मन्त्रालयले जनाएको छ । विश्वविद्यालयमा हुने राजनीतिक गतिविधिका कारण उनीहरूले अध्ययनका लागि अन्यत्र गएका सम्बद्ध अधिकारीले बताएका र यसका लागि मन्त्रालयस्तरबाट सुधारका काम सुरू गरिएको विज्ञान तथा उच्च शिक्षा मन्त्रालयले जनाएको छ । विश्वविद्यालयले आफू मातहतका विद्यार्थी तथा कर्मचारीलाई अध्ययनमा अवरोध पुऱ्याएको भन्दै कारबाही सुरू भएको जनाएका छन् । मन्त्रालयका अनुसार सुधारका लागि ४० शिक्षक तथा ६४० विद्यार्थीलाई कारबाहीको दायरामा ल्याइएको छ र विस्थापित विद्यार्थीलाई पुनःविद्यालयमा फर्काउन पहल थालेको पनि बताएको छ । सन् २०१९ को नोभेम्बरदेखि विश्वविद्यालयमा भएका प्रदर्शन र हिंसाका कारण कम्तीमा एक दर्जन विद्यार्थीको मृत्यु भएको छ भने दर्जनौँ विद्यार्थी घाइते भएका छन् । विश्वविद्यालयमा हिंसा फैलिनुको मुख्य कारण त्यहाँको जातीय तथा धार्मिक भिन्नताका आधारमा हुने विभेद रहेको बताइएको छ ।

# कक्षा ६ देखि अध्ययन गरेमात्र उच्च शिक्षा छात्रवृत्ति

काठमाडौँ, ३ माघ (रासस) ।

अब उच्च शिक्षामा छात्रवृत्ति प्राप्त गर्न सामुदायिक विद्यालयका कक्षा ६ देखि नै अध्ययन गर्नुपर्ने प्रावधान कार्यान्वयनमा आउने भएको छ । यसअघि कक्षा १० अध्ययन गरे पुग्दथ्यो ।

प्रतिनिधिसभा, शिक्षा तथा स्वास्थ्य समितिको बिहीबारको बैठकमा उच्च शिक्षामा छात्रवृत्ति प्राप्त गर्न कक्षा ६ देखि नै सामुदायिक विद्यालयमा अध्ययन गरेको हुनुपर्ने प्रावधान राख्न सहमति जुटेको छ । 'शिक्षासम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक' लाई बैठकले दफावार छलफलपछि पारित समेत गरेको थियो ।

"यसअघि केही विद्यार्थी निजी विद्यालयमा कक्षा ९ सम्म पढेर उच्च शिक्षामा छात्रवृत्तिका लागि कक्षा १० मा भर्ना भएर सामुदायिक विद्यालयमा पढेको हुँ भन्ने देखाउँथे", समितिका सदस्य जीवनराम श्रेष्ठले भन्नुभयो, "अब उच्च शिक्षाको छात्रवृत्तिका लागि लागू हुने नयाँ व्यवस्थालाई पालना गर्नुपर्नेछ ।"

उहाँले नयाँ व्यवस्थाले छात्रवृत्ति पाउने नाममा विकृति बढेकाले त्यसलाई रोक्न यस्तो कदम चालिएको जानकारी दिनुभयो । बैठकले उच्च शिक्षाको अध्ययनका लागि दलित, जनजाति, अपाङ्गता, आर्थिकरुपमा विपन्न भएका विद्यार्थीले प्रत्येक तहमा छात्रवृत्ति दिइने निर्णयसम्म गरेको छ । यसअघि विधेयकमा त्यस्ता विद्यार्थीलाई एकपटक भर्नाका लागि मात्र छात्रवृत्ति पाउने व्यवस्था रहेको थियो ।

विश्वविद्यालयका पदाधिकारीलाई विश्वविद्यालयको सिनेटसभाको सामान्य बहुमतबाट समेत हटाउन सक्ने व्यवस्था विधेयकमा समावेश गरिएको छ । यसअघि २०६३ सालपछि खोलिएका विश्वविद्यालयका पदाधिकारीलाई ५० प्रतिशत सिनेटसभाका सदस्यले हटाउने सक्ने व्यवस्था भए पनि २०६३ अघि खोलिएका विश्वविद्यालयमा हटाउने व्यवस्था रहेको थिएन ।

त्रिभुवन विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, काठमाडौँ विश्वविद्यालय र पोखरा विश्वविद्यालय विसं २०६३ अघि रहेका थिए । विधेयकमा कुनै पनि विश्वविद्यालयको सभाको ५१ प्रतिशत बहुमतबाट उपकुलपति, शिक्षाध्यक्ष, कुलसचिव र सेवा आयोगका अध्यक्षलाई पदबाट हटाउने प्रावधान समेत समावेश गरिएको छ । उनी हरूले आफ्नो पदअनुरुपको जिम्मेवारी पूरा नगरेको, इमान्दारितापूर्वक काम नगरेको वा निजले पद अनुकूल आचरण नगरेको भनी सभाका सदस्यको ५१ प्रतिशतले सदस्यले निर्णय गरेमा कुलपति हटाउन सक्ने व्यवस्था गरिएको छ ।

सभाले हटाउने निर्णयमा कुलपतिले सभाको कुनै सदस्यको अध्यक्षतामा विश्वविद्यालय अनुदान आयोगका सदस्य र शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको सचिवको रहेको तीन सदस्यीय छानबिन समिति गठन गर्नसक्ने व्यवस्था गरिएको छ ।

# कल्याणपुरमा ५५ छोरीको बीमा

**दैनिक समाचारदाता**
**सिरहा, ३ माघ ।**

प्रदेश नं २ सरकारले सञ्चालन गरेको 'बेटी पढाउ, बेटी बचाउ' अभियानअन्तर्गत सिरहाको कल्याणपुर नगरपालिकामा जारी छोरी शिक्षा बीमा सप्ताहको पहिलो दिनमै ५५ को बीमा गरिएको छ ।

विसं २०७५ माघ २ पछि जन्मेका सबै छोरीको बीमा गर्न सिरहाको कल्याणपुरमा जारी छोरी बीमा सप्ताह शिविरको पहिलो दिन बिहीबार मात्रै ५५ को बीमा गरिएको जनाइएको छ ।

शिविरको प्रदेशका आर्थिक मामिलामन्त्री विजयकुमार यादवले उद्घाटन गरेका थिए । छोरा र छोरीबीच हुने विभेद्लाई अन्त्य गर्दै छोरीको शिक्षामा पहुँच पुर्‍याउने उद्देश्यले सञ्चालित छोरी बीमा सप्ताह शिविरमा विसं २०७५ साल माघ २ गतेपछि प्रदेशमा जन्मेकी सबै छोरीको सबै कागजात पूरा गरी शिविरमै बीमा गरिने जनाइएको छ ।

# रेल चालक र सहचालकको योग्यता निर्धारण

काठमाडौँ, ३ माघ (रासस) ।

नेपालमा रेल चालक र सहचालकको शैक्षिक योग्यता कम्तीमा माध्यामिक तह हुनुपर्ने भएको छ ।

रेल्वे सेवा सञ्चालनका लागि सरकारले ल्याएको रेल्वे विधेयकमा रेल चालक र सहचालकको शैक्षिक योग्यता कम्तीमा माध्यामिक तह (दश जोड दुई) वा सो सरह उत्तीर्ण गरेको हुनुपर्ने उल्लेख गरिएको हो ।

विधेयकको दफा २३ उपदफा १ को (क) मा कम्तीमा माध्यमिक तह (दश जोड दुई) वा सो सरह उत्तीर्ण गरेको हुनुपर्ने उल्लेख छ । रेल चालकका लागि कम्तीमा कक्षा १२ वा सो सरहको अध्ययन गरेको हुनुपर्ने व्यवस्था रहेको विभागका महानिर्देशक बलराम मिश्रले बताउनुभयो ।

त्यस्तै, नेपाल रेल्वे बोर्डबाट मान्यताप्राप्त प्रशिक्षण संस्थाबाट रेल चालउन योग्य भएको प्रमाणपत्र प्राप्त गरेको, रेल चालकको हकमा कम्तीमा पाँच वर्ष सहचालकका रूपमा काम गरेको योग्यता तोकिएको छ । विधेयकमा चालक र सहचालक दुवैको न्यूनतम र अधिकतम उमेरसमेत उल्लेख गरिएको छ । चालकका लागि २५ वर्ष र सहचालकका लागि २० वर्ष पुग्नुपर्ने तथा ५० वर्ष नपुगेको हुनुपर्ने विधेयकमा उल्लेख छ । कुनै पनि व्यक्तिले अनुमति नलिइ रेल चलाउन पाइँदैन । अनुमतिबिना चलाएमा छ महिनासम्म कैद र रु ५० हजारसम्म कैद हुनेछ ।

रेल चालक वा सहचालक अनुमतिपत्र अरुलाई दिँदा पनि छ महिनासम्म कैद र रु ५० हजारसम्म जरिवाना हुनेछ । उहाँले भन्नुभयो, "विधेयकमा चालक र सहचालक दुवै हुन योग्य हुनुपर्ने व्यवस्था गरिएको छ ।"

द्वास्सो विधेयक अहिले राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिमा पठाउने तयारी भइरहेको छ । विधेयकले रेलको र यात्रुको सुरक्षाका विषयमा पनि उल्लेख गरेको महानिर्देशक मिश्रको भनाइ छ । रेल यात्राका क्रममा यात्रुलाई क्षति पुग्दा त्यसको क्षतिपूर्तिको व्यवस्थासमेत विधेयकमा समेटिएको छ । रेलको सुरक्षाका लागि प्रहरी एकाइको व्यवस्था गर्न सकिनेछ । उहाँले भन्नुभयो, "समग्रमा रेलको भविष्यसम्मको कल्पना विधेयकमा गरिएको छ ।"


श्री जनता माध्यमिक विद्यालय
बसबिट्टी, सप्तरी
Shree Janata Secondary School Basbitti
रुपनी गाउँपालिका वडा नं. ५
(स्थापित २०४७ साल)
पत्र संख्या : २०७६/०७७
चलानी नं. :
मिति : २०७६।१०।०३

**विज्ञापन**

प्रस्तुत विषयमा यस श्री जनता माध्यमिक विद्यालय बसबिट्टी रुपनी ५,सप्तरीको शिक्षक छनौट समितिको मिति २०७६।१०।०२ गतेको निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको तपसिल बमोजिमको पद पूर्तिका लागि विज्ञापन गरीएकोले इच्छुक योग्य उम्मेदवारबाट दरखास्त अहवान गरीएको ब्यहोरा अनुरोध छ ।

१. **विज्ञापन नं.:** ०१/२०७६/२०७७
२. **पद** : नि.मा.शि. राहत अनुदान
३. **विषय** : सामाजिक अध्ययन
४. **योग्यता** : आइ एड वा सो सरह तालिम प्राप्त
५. **उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
६. **तलव** : प्रचलित स्केल अनुसार ।
७. **नियुक्तिको किसिम** : करार ।
८. **आवेदन दिने मिति** : २०७६।१०।०३गते देखि २०७६।१०।०८ गते सम्म ।
९. **आवेदन दस्तुर** : रु २५,०० अक्षरेपी (दुई हजार पाँच सय) मात्र । विद्यालयको रा.वा.बैंक, राजविराज शाखामा च.हि.नं. १५५५ मा जम्मा गरेको सक्कल भौचर ।
१०. **आवेदन साथ पेस गर्नु पर्ने कागजातहरु** :
क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी - १ (एक)
ख) निरोगिता प्रमाण पत्र ।
ग) शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपी ।
घ) अध्यापन अनुमति पत्र को प्रतिलिपि ।
११. **सम्पर्क मिति** : २०७६।१०।०८ गते विद्यालय समयमा ।
१२. **आवेदन फारमको शुल्क** : रु १०० (एक सय) जम्मा गरी विद्यालयमा उपलब्ध गराउने छ ।
१३. **परीक्षा सम्बन्धि जानकारी** : सम्पर्क मितिमा जानकारी गराइने छ ।
१४. कक्षा ९ र १० (मा.वि.तह) मा अध्यापन गर्ने शिक्षक लाई ग्राहयता दिने छ ।

(प्रधानाध्यापक)
(श्याम प्रसाद यादव)
प्रधानाध्यापक



स्वर्ण अवसर ! स्वर्ण अवसर !! स्वर्ण अवसर !!!

के तपाई राजविराजमा राम्रो गर्ल्स होस्टलको खोजीमा हुनुहुन्छ । यदि हुनुहुन्छ भने तपाईको घर देखि टाढा तर घर जस्तै सुविधा भएको "स्टुडेन्ट गर्ल्स होस्टललाई" सम्झनुहोस् ।
सम्पर्क
स्टुडेन्ट गर्ल्स होस्टल राजविराज-७, सप्तरी
(सिडियो कार्यालय देखि ५० मिटर पश्चिम)
फोन नं.- ०३१-५२१७९३, मो.-९८५२८२११९३
९८०१५२१७९३



नेपाल-भारत सहयोग
INDIAN EMBASSY SUPPORT



एम्बुलेन्स चाहिएमा सम्पर्क गर्नुहोस् ।
राष्ट्रिय सामुदायिक विकास केन्द्र, नेपाल
राजगढ-४, वेल्ही चपेना, सप्तरी
सम्पर्क नं: ९८२९७२९१५५, ९८२७७६०८१७



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
ipay remit | City Express Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np